आज मिति २०७६ साल चैत्र ९ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| ब.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: कोरोना भाइरसको संक्रमण रोकथामको लागि समन्वय समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: कोरोना भाईरस संक्रमण रोकथामको तत्कालिन कार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: सहयोग आव्हान सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) नेपालमा पनि भित्रिन र फैलिन सक्ने सम्भावनालाई मध्यनजर गरी त्यसको रोकथाम एवं नियन्त्रण र शंकास्पद व्यक्तिहरुको निगरानी र उपचारको व्यवस्था मिलाउने कार्यका लागि वडातह र नगरतहमा स्थानीय समन्वय समिति गठन गर्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र संख्या २०७६/०७७ च.नं. ३०१ मिति २०७६/११/२८ गतेको पत्रको व्यहोरा बमोजिम प्रत्येक वडाहरुमा तोकिएका प्रतिनिधिहरु सहितको स्थानीय समन्वय समिति गठन गरी तत्काल कोरोना भाइरस रोकथाम तथा नियन्त्रण शंकास्पद व्यक्तिहरुको निगरानी र उपचार एवं यस सम्बन्धी चेतनामुलक कार्यक्रमहरु अगाडि बढाउन वडा कार्यालयहरुलाई निर्देशन दिने र नगर तहमा नगर प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिम नगर समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | – संयोजक |
| २. | उपप्रमुख | श्री मिरा जोशी | – सहसंयोजक |
| **३.** | **वडा अध्यक्ष :** | | |
| | वडा नं. १, | श्री खरसिं दरै | – सदस्य |
| | वडा नं. २, | श्री काशीराम श्रेष्ठ | – सदस्य |
| | वडा नं. ३, | श्री प्रेमकुमार श्रेष्ठ | – सदस्य |
| | वडा नं. ४, | श्री विश्वराज न्यौपाने | – सदस्य |
| | वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | – सदस्य |
| | वडा नं. ६, | श्री सुर्यभक्त भण्डारी | – सदस्य |
| | वडा नं. ७, | श्री सतिशचन्द्र न्यौपाने | – सदस्य |
| | वडा नं. ८, | श्री ओजराज पौडेल | – सदस्य |
| | वडा नं. ९, | श्री सुरेश थापा | – सदस्य |
| | वडा नं.१०, | श्री तुलसीराम सापकोटा | – सदस्य |
| | वडा नं.११, | श्री निरबहादुर खड्का | – सदस्य |
| | वडा नं.१२, | श्री तोत्रबहादुर कुँवर | – सदस्य |
| | वडा नं.१३, | श्री लेखबहादुर राना | – सदस्य |
| | वडा नं.१४, | श्री काजीमान श्रेष्ठ | – सदस्य |
| ४. | कार्यपालिका सदस्य: | | |
| | श्री तमबहादुर दरै | | – सदस्य |
| | श्री कल्पना पोखेल | | – सदस्य |
| | श्री चन्द्रमाया परियार | | – सदस्य |
| | श्री सुनसरी गुरुङ्ग | | – सदस्य |
| | श्री अमृतबहादुर नेपाली | | – सदस्य |
| | श्री मधुमाया वि.क. | | – सदस्य |
| | श्री नरीमाया राना | | – सदस्य |
| ५. | सामाजिक क्षेत्र: | | |
| | पूर्व नगर प्रमुख श्री तारा प्रसाद श्रेष्ठ | | – सदस्य |
| | आदिकवि भानुभक्त क्याम्पस प्रमुख श्री महाप्रसाद हड्खले | | – सदस्य |

| | | |
|---|---|---|
| | दमौली अस्पताल श्री प्रदिप अधिकारी | – सदस्य |
| | उद्योग वाणिज्य बजार इकाई अध्यक्ष, श्री राजकुमार श्रेष्ठ | – सदस्य |
| | निजी अस्पताल सञ्चालक श्री चुडामणि दाहाल | – सदस्य |
| ६. | रेडकस सोसाइटी अध्यक्ष श्री कृष्णहरी वाग्ले | – सदस्य |
| ७. | स्वास्थ्य शाखा प्रमुख श्री प्रमोद सोती | – सदस्य-सचिव (जम्मा ३० जना) |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणबाट हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी नेपाल सरकारद्वारा गरिएको पछिल्लो निर्णय बमोजिम त्यसको रोकथाम र निराकरणको लागि कोरोना भाइरस विरुद्धको अभियान अगाडि बढाउने र यस नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका कियाकलापहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

(क) सामाजिक, साँस्कृतिक एवं मनोरञ्जनका कार्यहरुको लागि विवाह, ब्रतबन्ध, जन्मोत्सव, वनभोज, पार्टी प्यालेस, मेला महोत्सव, मन्दिर, मस्जिद, चर्च, पुजा-पाठ, प्राथना आदिमा मानिसहरु २५ जनाभन्दा बढी जमघट हुने स्थानहरु पूर्णरुपमा निषेध गर्ने ।

(ख) कुनै शंकास्पद व्यक्तिहरु भेटिएमा तत्काल नजिकको स्वास्थ्य संस्था, वडा कार्यालयमा सूचित गरी सहयोग पुऱ्याउन नगरवासीहरुलाई अनुरोध गर्ने ।

(ग) बजारमा अत्यावश्यक वस्तुहरुको सरल र सहज उपलब्धताका लागि नगर तथा वडास्तरीय अनुगमन कार्यलाई कडाईका साथ नियमितता दिने ।

(घ) कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिदै आइएको स्वास्थ्य, सरसफाई, खानेपानी र सुरक्षासँग सम्बन्धित अत्यावश्यक सेवाहरु यथावत रुपमै अझ प्रभावकारीरुपमा सञ्चालनमा राखी अन्य सेवाहरु २०७६ चैत्र २१ गतेसम्म बन्द गर्ने । तर उक्त अवधिमा कार्यालयहरु भने आवश्यक समन्वयका लागि खुला राख्ने ।

(ङ) अत्यावश्यक सेवा तथा आधारभूत आवश्यकताका कामहरु बाहेक अन्य अवस्थामा घरबाट ननिस्कन र यस अभियानलाई साथ, सहयोग पुऱ्याउन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्ने ।

(च) प्रत्येक वडा कार्यालयले विदेशबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गरी नगरपालिका कार्यालयमा सोको अभिलेख दैनिक रुपमा पठाउने व्यवस्था मिलाउने ।

(छ) सिनेमा हल, साँस्कृतिक केन्द्रहरु, रंगशाला, खेलस्थान, जिम, हेल्थक्लव, म्युजियम, स्वीमिङ्गपुल, मनोरञ्जन स्थल, डान्सबार, दोहोरीसाँझ र क्लबलाई चैत्र मसान्तसम्म बन्द गराउने ।

(ज) सार्वजनिक यातायातको साधनहरुमा सिट क्षमता भन्दा बढी ओसार-पसार गरे नगरेको अनुगमन गर्ने तथा सिट क्षमता भन्दा बढी यात्रु ओसार-पसार गर्न नदिने ।

(झ) प्रत्येक वडालाई नियमित हात धुने कार्यका लागि साबुन र बाल्टिन उपलब्ध गराउने ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा वर्तमान कोरोना भाइरस विरुद्धको अभियानमा सहयोग गर्न चाहने महानुभावहरुलाई नगरपालिकाको विपद व्यवस्थापन खातामा जम्मा गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।